सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक ११६ ♦ २०८० साल माघ २ गते मंगलवार ♦ 16 Jan 2024 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ www.shirishnews.com

## पेट्रोल र डिजेलको मूल्य घट्यो

**खबर दर्पण समाचारदाता**


**माघ १ गते, महेन्द्रनगर**

नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य घटाएको छ । निगमले पेट्रोल र डिजेलको मूल्य प्रतिलिटर एक-एक रुपैयाँ घटाएको हो ।इन्डियन आयल कर्पोरेसनबाट सोमबार मूल्य घटेर आएपछि निगमले मूल्य घटाएको हो ।

निगमका अनुसार मूल्य घटेसँगै पहिलो वर्गअन्तर्गत चार आली,विराटनगर,जनकपुर ,अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज,धनगढी र वीर गन्जमा पेट्रोलको मूल्य प्रतिलिटर १६३.५० र डिजेलको मूल्य १५३.५० रुपैयाँ कायम भएको छ ।दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर १६५ र डिजेलको मूल्य १५५ रुपैयाँ कायम भएको छ ।

यस्तै तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १६६ र डिजेलको मूल्य १५६ रुपैयाँ कायम भएको निगमले जनाएको छ ।

## १३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा एक पक्राउ



**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**माघ १ गते, महोत्तरी**

गौशालामा बालिका बलात्कार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।१३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले गौशाला नगरपालिका-१२ का ४५ वर्षीय उपेन्द्रसिंह कुशवाहालाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले बताए ।

कुशवाहाले बालिकालाई पुस २१ गते राति करिब साढे ८ बजे सुतिरहेको अवस्थामा ललाइफकाइ गरेर बलात्कार गरेको प्रहरी निरीक्षक यादवले बताए । प्रलोभनमा पारी बलात्कार गरेको भनी पीडितको परिवारले आइतबार साँझ इलाका प्रहरी कार्यालय गौशालामा जाहेरी दिएपछि जाहेरी दरखास्तमा उल्लेखित आरोपीलाई खोजतलासको क्रममा कुशवाहालाई पक्राउ गरिएको हो। घटनामा संलग्न अन्य फरार रहेकाको खोजतलास भइरहेको प्रहरीले जनाएको छ । सुतिरहेकी बालिकालाई बलात्कार गरेको दृश्य मोबाइलमा कैद भएको भिडियोसहित पीडित परिवारले जाहेरी दिएको प्रहरी निरीक्षक यादवले बताए ।

# धनुषाको महेन्द्रनगर पकडियामा पति मृत र पत्नी घाइते फेला



**खबर दर्पण समाचारदाता**

**माघ १ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिकामा एक पुरूषको लास फेला परेकोछ भने एक जना महिला घाइते अवस्थामा फेला परेको छ।मृत फेला परेको पुरूष र घाइते महिला पति पत्नी रहेको ईलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ।

क्षिरेश्वरनाथ नगरपालिका वडा नम्बर ३ परिक्रमा सडकखण्ड पकरियाबाट पर्सा जाने बाटोमा मृत फेला परेको पुरूष महोत्तरीको लोहरपट्टी नगर पालिका ३ महदैया बस्ने २२ बर्षीय राधे सहनी रहेको घाईते महिला उनकी पत्नी २१ बर्षीय अस्मिता शर्मा रहेको ईप्रका महेन्द्रनगरका ईन्स्पेक्टर दिपक कार्कीले जनाएको छ।

घाइते अस्मिताको उपचार अहिले प्रादेशिक अस्पताल जनकपुरमा भईरहेकोछ।

राधेको ससुराली घर क्षिरेश्वर नाथ नगरपालिका पकडिया हो । चार महिनाअघि मात्र राधे र अस्मिताले प्रेम विवाह गरी क्षिरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगरमा डेरा गरी बस्दै आएका थिए ।केही साथीसँगै ससुराली घर पकडियाबाट महेन्द्रनगर डेरामा रमाइलो गर्नुपर्छ भनेर पत्नी सहित राधे राती निस्केका थिए ।

महेन्द्रनगरतर्फ हिँडेको २०-२५ मिनटपछि अस्मिता माइती घर अगाडि अचेत अवस्था भेटिएकी थिइन् । छोरीलाई अचेत अवस्थामा देखेपछि पिता बिल्टु शर्माले ज्वाइँ र उनका साथीले मिलेर छोरीलाई कुटपिट गरी अचेत अवस्थामा घर अगाडि छाडेर भागेको हुनसक्ने शङ्का गर्दै अस्मितालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगेका थिए।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रन्जन अबाले मोटर साइकल दुर्घटनामा सहनीको मृत्यु भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको बताए । शव भेटिएको स्थानमा दुर्घटनामा परेको मोटरसाइकल बरामद भएको प्रहरीको भनाइ छ । सो स्थानबाट सहनीको दुई जना साथीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको डिएसपी अबालेले जानकारी दिए। घटना बारे अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।



**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# धनुषाधाममा माघे सङ्क्रान्तिको एक महिने मकर मेला आज देखि सुरु

**अजयकुमार साह**

**माघ १ गते, महेन्द्रनगर**

धनुषाको धनुषाधाममा माघे सङ्क्रान्तिको अवसरमा प्रत्येक वर्ष लाग्ने एक महिने मकर मेला आज (आइतबार) देखि सुरु भएको छ।

प्रत्येक वर्ष माघ १ गतेदेखि लाग्दै आइरहेको मधेस प्रदेशको प्रसिद्ध धार्मिक स्थल धनुषाधामको मकर मेला यस प्रदेशको सबैभन्दा प्रख्यात मेला हो।

मकर मेला प्रत्येक वर्ष माघ १ देखि महिनाको अन्तिम आइतबारसम्म लाग्ने गर्छ। मेलाभरि लाखौंको संख्यामा दर्शनार्थीहरुको सहभागिता रहन्छ।

धनुषाको मकर मेलामा छालाको रोग मुसा (स्थानीय भाषामा एल्हा भनिन्छ ) रोग निको हुने किंवदन्ती छ। त्यसको लागि भाकल गर्नुपर्छ । धनुष मन्दिर मा भन्टा चढाए मुसा रोग निको किंवदन्ती अनुसार हजरौंले भन्टा चढाउने गर्दछन् ।

त्यसैगरी मसाला तेजपात एक महिना कै लागि मेलाभरी आकर्षणको केन्द्र मानिन्छ।

नेपाल सहित भारतका विभिन्न स्थानबाट पनि पर्यटकहरु मेला भर्न धनुषाधाम आउने गर्दछन्।

त्रेतायुगमा राजा जनकले छोरी जानकीको विवाहका लागि आयोजना गरेको सीता स्वयम्वर मा श्रीरामले भाँचेको धनुषको एक टुक्रा आकाश, अर्को पाताल र मध्य टुक्रा धनुषाधाममा झरेको किंवदन्ती छ।



विष्णु पुराणका अनुसार त्रिपुरासुर संग्राम भएपछि दधिचि मुनिको हाडबाट बनेको धनुष परशुरामलाई दिइएको थियो। परशुरामले उक्त धनुष राजा जनकलाई दिएका थिए। रामले उक्त धनुषमा वाण चलाउँदा तीन टुक्रा भएको थियो। एक टुक्रा आकाश हुँदै भारतको दक्षिण प्रान्त रामेश्वरम, दोस्रो टुक्रा (मध्य भाग) धनुषाधाम र तेस्रो पताल गएको जुन जनकपुर धामको धनुष सागर छ।

धनुष खसेको जनकपुरधामको पोखरी धनुषसागरको नामले चिनिन्छ। मध्यभाग आएर खसेको ठाउँ धनुषाधाम रहेको मन्दिरका महन्थ भरत दासले बताए।

धनुषाधाममा खसेको धनुषको कालो रङको शिलामाथि अहिले पीपलको रुख छ। उक्त रुख साढे पाँच सय वर्ष भन्दा पुरानो रहेको विश्वास गरिन्छ। पीपलको बोटमुनि नागको बास रहेको बताइन्छ। अमावश्या तिथिका दिन मध्यरातमा मणि सहितको नाग देखिने र पूरै मन्दिर हरियो रङले रंगिने जनविश्वास छ।

धनुषको मध्यटुक्रा झरेको स्थानमा धनुषबाबाको मन्दिर निर्माणपछि माघमा मकर मेला लाग्ने गरेको हो। भक्तजनले धनुषको टुक्रामा पुष्पजल अर्पण गर्नुको साथै दर्शन गरिन्छ।

## धनुषाधाम मेलाको कोसेली तेजपात

मेलाबाट ल्याइने कोसेली (सनेस) अनेक हुन सक्छन् । मेलाको कोसेली रुपमा धेरैको छनोटमा मिठाई, कपडा, खेलौना आदि भएपनि धनुषाधाम मेलाको कोसेली मेल तेजपात हुने गर्दछ। यस मेलामा तेजपातका लागि छुट्टै बजार लाग्ने गर्दछ । यहाँ तीन जना तेजपातका मुख्य व्यापारीले छुट्टाछुट्टै व्यापार गर्दै आएका छन् । उदयपुर जिल्लाबाट तेजपात टूकमा ल्याएर भण्डारण गरी खुद्रा व्यापारीलाई बेच्ने गरेको थोक बिक्रेता रामजतन साहले जानकारी दिए ।

२५ वर्षदेखि धनुषाधाममा तेजपातको थोक व्यापार गर्दै आएको उनले भने, 'मेला अवधिभर २४(२५ टूक तेजपात बिक्री भएको छ । एक टूकमा औसतमा २५(३० क्विन्टल तेजपात ल्याउने गरेको छु ।' अन्य व्यापारीको समेत गरी मेलामा सात सय क्विन्टलभन्दा बढी तेजपात व्यापार भएको जानकारी दिए।

वर्षमा यसै मेलामा तेजपातको व्यापार गरी घरपरिवार चलाउने गरेको अर्का थोक व्यापारी बलराम साहको कथन छ। अन्य बाहिरको बजारभन्दा यसै मेलामा सबभन्दा बढी तेजपातको व्यापार हुने गरेको जानकारी दिँदै व्यवसायी भरत साहले भने, 'मेलाको केही समयअघि देखि तेजपात ल्याएर भण्डारण गर्छौं । मेला अवधिभरि यही बास बस्ने, खाना पकाएर खाएर व्यापार गर्छौं ।'

थोक व्यापारीबाट प्रतिकिलो ४५(५० रुपियाँमा खरिद गरी खुद्रामा प्रतिकिलो ६० रुपियाँमा बिक्री गरिरहेको खुद्रा व्यापारी बताउँछन् ।

नेपालमा पाइने प्रजातिको तेजपात बास्नायुक्त सदावहार वनस्पति भएको हुँदा भारतीय पर्यटक, श्रद्धालुभक्तजन धेरै मात्रामा किन्ने गरेको उनले बताए।

धनुषाधामको मेला भर्न आउने जोकोहीले यहाँबाट तेजपात कोसेली (सनेस) लिएर घर फर्किन्छन् । यहाँको कोसेली सामान्य लागे पनि आङ्ग नै महत्व रहेको छ ।

धनुषा सबैलाका रामकुमार साहले पुस्तौंदेखि यो मेलाबाट कोसेलीमा तेजपात (पतरक) अनिवार्य लिएर घर फर्किने गरेको बताए।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

रामगोपालपुर नगरपालिका

महोत्तरी

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**वृष-** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मिथुन-** समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बरहथवा घटना : गोली चलाउने प्रहरीलाई सेवाबाट हटाउन सिफारिस

**खबर दर्पण समाचारदाता**

**माघ १ गते, बर्दिवास**



सर्लाहीको बरहथवामा पुस २० मा भएको घटनामा गोली चलाउने वरिष्ठ हवल्दारलाई सेवाबाट हटाउन सिफारिस गरिएको छ। छानबिन गर्न गठित समितिले बुझाएको प्रतिवेदनमा यस्तो उल्लेख गरेको छ।

समितिका संयोजक सहसचिव थानेश्वर गौतमले आइतबार उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रतिवेदन हस्तान्तरण गरेका थिए।

गृह मन्त्रालयको नीति योजना अनुगमन तथा मूल्यांकन महाशाखाका सहसचिव गौतम नेतृत्वको समितिले प्रतिवेदन बुझाएको गृह प्रवक्ता नारायण प्रसाद भट्टराईले बताए।

बरहथवामा प्रहरीले चलाएको गोली लागेर जयशंकर शाहको मृत्यु भएको थियो। समितिले गोली प्रहारमा संलग्न वरिष्ठ हवल्दार सोनेलाल यादवलाई सेवाबाट हटाउन सिफारिस गरेको छ।

छानबिन समितिले इलाका प्रहरी कार्यालय बरहथवामा कार्यरत डिएसपी गंगा थापालाई सरुवा गर्न सिफारिस गरेको छ।

समितिको सिफारिसको आधारमा प्रहरी प्रधान कार्यालयले थापालाई काज सरुवा गरेर उनको स्थानमा मुक्तिनाथ सापकोटालाई पठाउने निर्णय गरेको छ।

# राष्ट्रिय सभा चुनाव : मंगलवार देखि आचारसंहिता लागू हुने

**खबर दर्पण समाचारदाता**

**माघ १ गते, बर्दिवास**

निर्वाचन आयोगले आउँदो माघ ११ गते हुने राष्ट्रिय सभा सदस्यको चुनावका लागि २ गतेदेखि निर्वाचन आचारसंहिता लागू गर्ने भएको छ।

माघ २ गतेदेखि माघ १२ गतेसम्म लागू हुने गरी आचार संहिता जारी गर्ने निर्णय गरेको आयोगले जनाएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले निकाल्नुभएको विज्ञप्तिमा आचारसंहिता अवधिभर कुनै सार्वजनिक स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नपाइने उल्लेख छ। यस्तै प्रचार प्रसार लगायतका कुरामा पनि आयोगले गर्न नहुने कुराहरूको सूची प्रकाशन गरेको छ।

कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी चुनावसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने विज्ञप्तिमा उल्लेख छ। यस्तै राजनीतिक दल वा उम्मेदवारको चुनाव चिह्न अर्Ã त कुनै सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने कानुनी व्यवस्था छ।

साथै ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी चुनाव प्रचारप्रसार गर्न वा गराउन तथा बालबालिकालाई चुनाव प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन पाइँदैन।

आचारसंहिताअनुसार प्रचलित कानुन बमोजिम निषेध गरिएको समय र ठाउँमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गरी चुनाव प्रचारप्रसार गर्न वा गराउन पाइँदैन। यस्तै सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्धेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन, चुनावलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्धेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टिप्पणी गर्न वा गराउन नहुने विज्ञप्तिमा भनिएको छ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**लोहापट्टी नगरपालिका, महोत्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मनरा सिस्वा नगरपालिका, महोत्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**गौशला नगरपालिका, महोत्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**बलवा नगरपालिका, महोत्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**औरही गाउँपालिका, धनुषा**

# शीतलहरबाट बाँच्न सोनमा गाउँपालिकामा फाइबर सिरक बितरण



**खबर दर्पण समाचारदाता**
**माघ १ गते, महोत्तरी**

मधेसमा केहि दिन देखि चलेको शीतलहरको प्रकोपबाट बच्न सोनमा गाउँपालिकाले गरिब विपन्न घर परिवारलाई फाइबर सिरक वितरण गरेको छ ।

सोनमा गाउँपलिका कार्यालयले सोमवार वडा नं. ४ खेस्राहा र वडा नं. ५ खैरबनीमा फाइबर सिरक बितरण गरेको अध्यक्ष विशेश्वर प्रसाद यादवले जानकारी दिएका छन् ।

सोनमा गाउँपालिकाले प्रत्येक वडामा लगभग ७०० थान फाइबर सिरक बितरण गर्ने योजना रहेको अध्यक्ष यादवले जनाए ।

वडामा रहेको ज्येष्ठ नागरिक, दलित, अपाङ्ग तथा एकल महिला लगायत गरिब र बिपन्नलाई सिरक वितरण गरेको वडा नं. ४ का वडा अध्यक्ष मिठु रायले बताए।

त्यस्तै वडा ५ को खैरबनी गाँउस्थित वडा कार्यालयमा सोमबार आयोजित कार्यक्रममा ज्येष्ठ तथा विपन्न समुदायलाई सम्मान गर्नुका साथै वडा अध्यक्ष दिलकुमर यादवको उपस्थितिमा फाइबर सिरक वितरण गरेका हुन् ।

मधेसमा गत साता दिनदेखि चलेको शीतलहरबाट विपन्न समुदाय प्रभावित हुँदै आएकोले शिरक वितरण गरिएको छ ।

# भन्सार छलेर ल्याएको २१ लाख मूल्य बराबरको कपडा बरामद



**खबर दर्पण समाचारदाता**
**माघ १ गते, महोत्तरी**

गौशाला नगरपालिका २, निगौल हुँदै ३ वटा टेम्पु र २ वटा मोटर साइकलमा ल्याइएको कपडा भन्सार छलेर ल्याएको भन्ने सुचनाको आधारमा सोमबार विहान ४ बजे प्रहरीले नियन्त्रणमा लिएको थियो ।

५वटा सवारीबाट भन्सार छली गरी ल्याइएको २१ लाख २८ हजार ३ सय मूल्य बराबरको विभिन्न कपडाहरु नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरिक्षक दिलिप कुमार गिरीले जानकारी दिए ।

प्रहरीका अनुसार दुई भारतीय नम्बरको मोटरसाइकल र ०२-००१ ह १७२३ नम्बरको हरियो रंगको टेम्पो, स १ ह ५२८० नम्बरको निलो टेम्पो र प्र ०४-००१ ह ०१५२ नम्बरको निलो रंगको टेम्पोसहित भन्सार छलेर ल्याएको सामान प्रहरीले नियन्त्रणमा लिएको छ ।

बरामद भएका सामान सहित नियन्त्रणमा लिएको सवारी र चालकलाई पनि आवश्यक कार बाहीका लागि जलेश्वर भन्सार कार्यालय पठाइने प्रहरीले जनाएको छ ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**



सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**भंगहा नगरपालिका**
**महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**



## R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ
## क्याप्टन मिलेर
शो समय १२-३ , ३-६ र ७-१० बजे





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा